# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासंग International Finance Corporation (IFC), World Bank Group का नेपाल, बंगलादेश र भुटान हेर्ने Country Manager Kyle F. Kelhofer को नेतृत्वमा आएको प्रतिनिधि मण्डलले आज मिति २०६९ भदौ २० गते भेट गरी नेपालको निजी क्षेत्रसंग IFC को सहकार्यका बारेमा छलफल तथा विचार विमर्श भयो ।



भेटमा IFC का Kelhofer ले IFC को लगानी भएको कम्पनीले स्वदेशी मुद्रामा ऋणपत्र जारी गर्ने क्रममा भएका प्रयासहरु गभर्नर डा. खतिवडा समक्ष राख्नु भयो । सो अवसरमा गभर्नर डा. खतिवडाले स्वदेशी मुद्रामा ऋणपत्र जारी गर्ने नीतिगत व्यवस्था भएको खण्डमा त्यसले दीर्घकालीन लगानीका लागि पूँजी उपलब्ध हुनुका साथै गैर-आवासीय नेपाली (NRN) लाई पनि लगानीको लागि वित्तीय उपकरण उपलब्ध हुन सक्ने विचार राख्नु भएको थियो । सो अवसरमा IFC का नेपालका लागि नयाँ Resident Representative, Valentino S. Bagatsing पनि सहभागी हुनु हुन्थ्यो ।

२०६९ भदौ २० गते, बुधबार

गभर्नरको कार्यालय